परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ९६ पृष्ठ ४ २०८२ माघ १२ गते, सोमबार 26 January, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



## डा. सीके राउतविरुद्ध अफवाह फैलाएको अभियोगमा
# पूर्व कोषाध्यक्ष यादवविरुद्ध मानहानी मुद्दा





● टक नेपाल

डा. सीके राउतविरुद्ध पटक-पटक अफवाह फैलाउने पूर्व कोषाध्यक्ष सुरेन्द्र नारायण यादव विरुद्ध गाली र बेइज्जतीको मुद्दा दर्ता गरेको छ। डा. राउतको तर्फबाट जनमत पार्टीको सचिवालय प्रमुख राजेश कुमार मण्डलले माघ ११ गते काठमाडौं जिल्ला अदालतमा सो मुद्दा ०८१-अ४-०५७८दर्ता गरेका हुन्। यादवले पौष २९ गते रिपोर्टर्स् क्लबमा पत्रकार सम्मेलन आयोजना गरेर डा. राउतमाथि विभिन्न आरोपहरू लगाएका थिए।

सुरेन्द्र नारायण यादव गैरआवासीय मधेशी संघको कोषाध्यक्षको रूपमा काम गर्दै आइरहनु भएकोमा पछि ०७५ सालमा जनमत पार्टी स्थापना हुँदा सोको पनि राष्ट्रिय कोषाध्यक्ष पदमा मनोनित गरिएको थियो। गैरआवासीय मधेशी संघ जनमत पार्टीको भातृसंगठनको रुपमा रहेको छाबिपक्षी पहिला भारत र पछि कतारमा बस्दै आउनु भएको थियो। निजको जिम्मेवारी आप्रवासीहरूको संगठन हेर्ने तथा उनीहरूसँग सदस्यता शुल्क र लेवी उठाउने रहेको थियो। गैरआवासीय मधेशी संघको आजीवन सदस्यता शुल्क १०० रियाल (नेपाली रुपैयाँ करीब ३८००।-) रहेको थियो । सदस्यता वितरण गर्दा सदस्यहरुको विवरण तथा सदस्यहरूले तिरेको सदस्यता शुल्क, सहयोग राशी र लेवी संगठनलाई उपलब्ध गराउनु पर्ने बिपक्षीको स्वभावित कर्तव्य र शर्त नै थियो ।

तर निजले सो सहयोग राशी र शुल्क मध्ये अधिकांश हिनामिना गर्नु भएको, सोही उठेको रकमबाट मोरङ, सप्तरी, धनुषा, काठमाडौंमा घरघडेरी जोड्नु भएको तथा सदस्यहरूबाट उठाएको लेवीले काठमाडौंको कोटेश्वरमा होटल संचालन गर्नुभएको विषयमा पार्टीमा पटक-पटक उजुरी

बाकी पष्ठ २.....

## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- ❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- ❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- ❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- ❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने ।
- ❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- ❖ हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
- ❖ मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको गाम्भीयता बुझाउन जरूी छ ।
- ❖ भातीय सिमा नाकाहरूमा संघ संस्था नागकि समाजसंग मिले निगानी प्रभावकी बनाइनु पदछ ।
- ❖ अनुसन्धान पद्धतिमा व्यापक सुधा गी विज्ञ समूह खडा गने विशेष अनुसन्धान पद्धति लागू गनि आवश्यक छ ।

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश

## मधेस प्रदेशमा
# गठबन्धनका उम्मेदवार विजयी



● टक नेपाल

चार सिटका लागि मधेश प्रदेशमा भएको राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस, एमाले र जसपा नेपालको गठबन्धनका उम्मेदवार विजयी भएका छन् ।

महिला क्लस्टरतर्फ एमालेकी उम्मेदवार रेखा झाले ७ हजार २ सय २२ मत ल्याएर विजयी भएकी छन् । उनको प्रतिद्वन्द्वी नेकपाका उम्मेदवार शमीकुमारी अग्रवालले १ हजार ९ सय ४४ मत ल्याएकी छन् ।

अल्पसंख्यक क्लस्टरमा कांग्रेसका रंजित कर्ण विजयी भएका छन् । उनले ८ हजार ९३ मत पाएका हुन् । उनका प्रतिद्वन्द्वी नेकपाका रामनन्दन प्रसादले १ हजार ३ सय ६१ मत पाए ।

यस्तै, जसपा नेपालका नेता महन्थ ठाकुरले ७ हजार ७ सय २५ मत ल्याई विजयी भए । उनका प्रतिद्वन्दी नेकपाका लक्ष्मण पौडेलले १ हजार ८ सय ५मत ल्याए ।

दलित क्लस्टरमा कांग्रेसका धमेन्द्र पासवान विजयी भएका छन् । पासवानले ७ हजार ९०४ मत ल्याए । उनका प्रतिद्वन्द्वी नेकपाका रामानन्द प्रसादले १ हजार ३७६ मत ल्याए ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# प्रत्यक्ष कार्यकारीको भ्रम

नेपालमा पछिल्ला वर्षहरूमा प्रत्यक्ष निर्वाचित कार्यकारीको माग बारम्बार उठ्दै आएको छ। राजनीतिक अस्थिरता, सरकार फेरिने क्रम र विकास ढिलो भएको अनुभूतिका कारण यो मोडेललाई स्थिरताको उपायका रूपमा प्रस्तुत गरिन्छ। तर शासन प्रणालीको मूल्यांकन भावनाबाट होइन, समाजको संरचना र राजनीतिक यथार्थबाट हुनुपर्छ।

नेपालको राज्य व्यवस्था अझै पूर्ण रूपमा संस्थागत भइसकेको छैन । नियमभन्दा सम्बन्ध, कानुनभन्दा शक्ति प्रभावकारी हुने समाजमा शक्ति एक व्यक्तिमा केन्द्रित गर्नु लोकतान्त्रिक सुदृढीकरण होइन, सत्ता दुरुपयोगको जोखिम हो । कमजोर संस्थामाथि बलियो व्यक्तिको प्रभुत्व लोकतन्त्रका लागि घातक हुन्छ।

संघीय संरचनासँग पनि प्रत्यक्ष निर्वाचित कार्यकारी अनुकूल देखिँदैन । संघीयता शक्ति बाँडफाँटको अभ्यास हो भने प्रत्यक्ष कार्यकारी शक्ति केन्द्रीकरणको । यस्तो अवस्थामा प्रदेश र स्थानीय सरकारहरू कमजोर बन्ने सम्भावना रहन्छ। साथै, नेपालको विविध सामाजिक संरचनामा बहुमतको भावना नै राज्यको दिशा बन्नु अल्पसंख्यक र सीमान्तकृत समुदायका लागि अन्यायपूर्ण हुन सक्छ ।

नेपालको मुख्य समस्या शासन प्रणाली होइन, लोकतान्त्रिक संस्कार, संस्थागत अनुशासन र शक्ति नियन्त्रणको अभाव हो। यी आधारभूत सुधार नगरी प्रणाली परिवर्तन गर्नु समाधान होइन। त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी नेपालको सन्दर्भमा विकल्प होइन, अर्को जोखिमपूर्ण प्रयोग हुन सक्छ।

# डा. सीके राउतविरुद्ध अफवाह...............................

पर्दा पार्टीले निजसँग पटक-पटक हरहिसाब माग्दा पनि नबुझाउनु भएको विषयमा बिपक्षीलाई कोषाध्यक्ष पदबाट निलम्बन गरी कारबाही गरिएको अवस्था रहेको छ। साथै बिपक्षी विरुद्ध पार्टीको रकमबाट पार्टीको प्रयोजनको लागि खरिद गरिएको काठमाडौंको घर समेत आफ्नी पत्नी ललिता कुमारी यादवको नाममा दर्ता गरेर ठगी गरेको सम्बन्धमा ललितपुर जिल्ला अदालतमा बिपक्षी समेत उपर मुद्दा नं. ०८१-अ१-१०५३ ठगी मुद्दा दर्ता भई उक्त मुद्दा विचाराधिन अवस्थामा रहेको छ।

तर बिपक्षीले आफ्नो करतुत लुकाउनको लागी पटक-पटक मिडियामा गएर म फिरादीको बदनाम गर्ने, चरित्र हत्या गर्ने र मेरो लोकप्रियता कम हुने गरी विभिन्न मिडियामा बयान दिने, भिडियो अन्तर्वार्ता दिने, गलत समाचारहरू लेखाउने गर्नुभएको छ। पछि गलत भयो भनेर माफी पनि माग्ने तर फेरि त्यही प्रवृत्ति दोहोर्याउँदै आउनु भएको छ। यस भन्दा अगाडि कान्तिपुर, रातोपाटी, मधेशवाणी, सगरमाथा टिभी लगायतका थुप्रै मिडियामा म फिरादीको चरित्रहत्या गर्ने उद्देश्यले अन्तर्वार्ता र झुठ्ठा समाचार छपाई सामाजिक सञ्जालहरूमा भाइरल गरी मेरो मानप्रतिष्ठा इज्जत र छविमा ठूलो आघात पुर्याउँदै आउनु भएको छ। अभियोगपत्रमा उल्लेख गरिएको छ।

## पालिकावासीहरूमा जनहितमा जारी सूचना

- आफुले सञ्चालन गरेको व्यापार व्यवसायको समयमै नविकरण गरौं।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं।
- दर्ता गरेर मात्र व्यापार व्यवसाय संञ्चालन गरी असल व्यवसायीको पहिचान कायम गरौं।
- बिना इजाजत मदिराजन्य पदार्थको बिक्री तिरण नगरौं।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर बिक्री वितरण नगरौं।
- समयमै कर तिरौं : जरिवाना र हर्जना बाट बचौं।

एकडारा गाउँपालिका , महोत्तरी,
मधेश प्रदेश

# रौतहटको जयनगरमा फर्निचर मेला : उपभोक्ता र व्यवसायी लागि आकर्षण

● टक नेपाल

रौतहटस्थित गरुडा नगरपालिका-१ जयनगरमा काठ तथा फलामका सामग्रीको फर्निचर मेला जारी रहेको छ। श्रीपञ्चमीको अवसर पारेर शुक्रबारदेखि थालिएको सो मेलामा घरायसी प्रयोजनका काठका फर्निचरका साथै कृषिसँग सम्बन्धित फलामका विभिन्न सामग्री बिक्रीका लागि राखिएका छन्। मेला दुईमहिनासम्म जारी रहने छ।



विसं २०६५ देखि निरन्तर रूपमा आयोजना हुँदै आएको यो मेला हरेक वर्ष सञ्चालन हुँदै आइरहेको छ। ग्रामीण क्षेत्रमा लाग्ने यो मेला आकार, व्यापार र सहभागिताका हिसाबले देशकै ठूलो ग्रामीण फर्निचर मेलाका रूपमा परिचित हुँदै गएको नेपाल विश्वकर्मा लोहार सङ्घका अध्यक्ष विवेक शर्माले बताए।

मेलामा पलङ, डाइनिङ सेट, कुर्सी, खाट, खटिया, चारपाई, बेञ्च, ढोका, टेबल, ड्रेसिङ टेबल, झ्याल, दराज, बालबालिकाका खेलौनालगायत घरायसी प्रयोगका प्रायः सबै प्रकारका काठका फर्निचर उपलब्ध छन्। त्यसैगरी फलामका कोदालो, हँसिया, कुटो, बञ्चरो, खुकुरीलगायत सामग्री पनि बिक्रीका लागि राखिएको उनले जानकारी दिए।

मेलामा रौतहट, सर्लाही, महोत्तरी, बारा, पर्सालगायत विभिन्न जिल्लाका दुई सयभन्दा बढी फर्निचर व्यवसायीले आफ्ना सामग्री बिक्रीका लागि ल्याएका छन्भने फर्निचर आउने क्रम अझै जारी रहेको अध्यक्ष शर्माले बताए। मेलामा नेपालका विभिन्न स्थानबाट मात्र नभई भारतको बिहार प्रान्तबाट समेत उपभोक्ता तथा व्यापारी आएर घरायसी प्रयोग र पुनः बिक्रीका लागि फर्निचर खरिद गर्ने गरेको उनले जानकारी दिए।

जयनगर फर्निचर मेलामा अन्य स्थानको तुलनामा २५ प्रतिशतभन्दा बढी सस्तोमा फर्निचर उपलब्ध हुने र आफ्नै काठ प्रयोग गरी स्थानीय सीप र श्रमबाट फर्निचर निर्माण गरिने भएकाले मूल्य तुलनात्मक रूपमा सस्तो पर्ने अध्यक्ष शर्माको भनाइ छ। विवाहमा दाइजोका लागि फर्निचर खरिद गनेहरू तथा सस्तो र गुणस्तरीय सामान खोज्ने उपभोक्ताको पहिलो रोजाइ यो मेला बनेको छ।

मेलाबाट रौतहट, सर्लाही, बारा, पर्सा, धनुषा, काठमाडौँ, पोखरा, विराटनगर, जनकपुरलगायत नेपालका विभिन्न भाग तथा भारतको बिहार प्रान्तका सीतामढी, पूर्वी चम्पारण, मुजफ्फरपुर र पटनासम्म फर्निचर ढुवानी हुँदै आएको उनले जानकारी दिए। यातायातको सहज पहुँच, गुणस्तरीय सामग्री र सस्तो मूल्यका कारण जयनगरको फर्निचर मेला उपभोक्ता र व्यवसायी दुवैका लागि आकर्षणको केन्द्र बन्दै गएको उनको दाबी छ।






# नवयुवा, जेन्जी र राजनीति

टक नेपाल

आजको विश्व इतिहासमै सबैभन्दा छिटो परिवर्तन भइरहेको युग हो। प्रविधि, कृत्रिम बुद्धिमत्ता (एआई), सूचना प्रवाह र विश्वव्यापी प्रतिस्पर्धाले राष्ट्रहरूको भविष्य केवल राजनीतिक नाराले होइन; दक्ष, सीपयुक्त र अनुसन्धानमुखी जनशक्तिले निर्धारण गरिरहेको छ। यही सन्दर्भमा एउटा गम्भीर प्रश्न उठ्छ– नवयुवा तथा जेन्जी पुस्ताको मुख्य भूमिका राजनीतिमा प्रत्यक्ष सक्रिय हुनु हो कि सशक्त खबरदारी गर्दै आफ्नो करिअर र ज्ञान निर्माणमा केन्द्रित हुनु ?




नेपालजस्तो विकासोन्मुख देशका लागि यो प्रश्न झनै संवेदनशील छ। यदि नवयुवा आफ्नो ऊर्जाशील उमेर राजनीतिका गुट, झोला बोक्ने संस्कृति र अवसरवादी प्रतिस्पर्धामा खर्च गर्छन् भने भोलि राष्ट्रलाई चाहिने वैज्ञानिक, इन्जिनियर, चिकित्सक, शिक्षक, अनुसन्धानकर्ता र उद्यमी कहाँबाट आउँछन्? यही चिन्तालाई केन्द्रमा राख्दै यो लेख तयार गरिएको हो।

राजनीति र अनुभव : प्राचीन दार्शनिकहरूको दृष्टिकोण

राजनीति कस्तो व्यक्तिले गर्नुपर्छ भन्ने प्रश्न नयाँ होइन। प्राचीन ग्रीसका दार्शनिकहरूले यस विषयमा गहिरो बहस गरेका छन्।

सुकरातले लोकतन्त्रमा सबै नागरिक सचेत हुनुपर्नेमा जोड दिए। तर, उनले स्पष्ट भने– राज्य सञ्चालन ज्ञान र सद्गुण (ख्ष्चतगभ) बिना सम्भव हुँदैन। सुकरातका अनुसार युवा उमेर प्रश्न गर्ने, सिक्ने र आत्मविकास गर्ने समय हो। अनुभव र आत्मसंयमबिना सत्ता सम्हाल्नु भनेको राज्यलाई प्रयोगशाला बनाउनु हो।

प्लेटो, सुकरातका शिष्य अझ स्पष्ट थिए। 'द रिपब्लिक' मा उनले भने– राज्य तथा शासन दार्शनिक-व्यक्तिले गर्नुपर्छ। प्लेटोका अनुसार दार्शनिक व्यक्ति बन्न व्यक्तिले लामो अध्ययन, नैतिक अनुशासन र जीवन अनुभवबाट परिपक्व हुनुपर्छ। उनले युवालाई तुरुन्तै राजनीतिमा होमिनुभन्दा ज्ञान, विज्ञान र दर्शनमा समय दिन प्रेरित गरेका छन्।

त्यसैगरी अरस्तुले राजनीतिलाई 'प्रायोगिक विद्या' भनेका छन्। उनका अनुसार राम्रो शासनका लागि केवल आदर्श होइन, दीर्घ व्यावहारिक अनुभव अनिवार्य हुन्छ। अरस्तुले युवा ऊर्जाशील भए पनि अनुभवको अभावले उनीहरू सजिलै भावनात्मक निर्णयमा पुग्ने चेतावनी दिएका छन्।

यी तीनै दार्शनिकको साझा सन्देशमा के देखिन्छ भने– राजनीति परिपक्वताको क्षेत्र हो, प्रयोगशाला होइन।

आधुनिक चिन्तन र युवाको भूमिका

आधुनिक राजनीतिक दर्शनमा पनि युवाको भूमिकाबारे सन्तुलित दृष्टिकोण पाइन्छ। जोन स्टुअर्ट मिलले लोकतन्त्रमा नागरिक सहभागिता अपरिहार्य भएको बताए। तर, उनले सहभागिता र शासन सञ्चालनबिच स्पष्ट भिन्नता गरे। मिलका अनुसार सबै युवा सचेत मतदाता र आलोचक हुनुपर्छ, तर राज्य नेतृत्व अनुभव र क्षमता भएकाले सम्हाल्नुपर्छ।

यसैगरी म्याक्स वेबरले राजनीतिलाई 'आह्वान' (ख्यअबतष्यल) भनेका छन्। उनका अनुसार राजनीति लोकप्रियता खोज्ने खेल होइन, दीर्घकालीन जिम्मेवारी हो। अनुभवविहीन युवा यदि भावनामा बगेर राजनीतिमा प्रवेश गर्छन् भने उनीहरू नैतिक सङ्कट र अवसरवादमा फस्ने खतरा हुन्छ।

एडम स्मिथजस्ता चिन्तकले भने राष्ट्रको समृद्धि उत्पादनशील जनशक्तिबाट आउने बताए। उनको भनाइअनुसार युवा यदि आफ्नो समय अध्ययन, अनुसन्धान र उद्यमशीलतामा नलगाई राजनीतिमा अल्झिन्छन् भने देशको आर्थिक र बौद्धिक क्षमता कमजोर हुन्छ।

जेन्जी पुस्ता : शक्ति र जोखिम

जेन्जी पुस्ता प्रविधिमा दक्ष, प्रश्न गर्न सक्ने र विश्वसँग जोडिएको पुस्ता हो। यो पुस्ताले सत्ता र शक्तिलाई आँखा बन्द गरेर स्वीकार गर्दैन। यो नै उनीहरूको ठुलो शक्ति हो।

तर, विभिन्न दार्शनिक तथा राजनीतिक चिन्तकहरूको भनाइलाई आधार मान्ने हो भने नवयुवाहरू प्रत्यक्ष राजनीतिमा प्रवेश गर्दा उनीहरू गुटबन्दी, शक्ति सङ्घर्ष, पैसाको प्रभाव र व्यक्तिपूजामा फस्ने जोखिममा पर्छन्। यसले उनीहरूको दीर्घकालीन करिअर मात्र होइन, मानसिक स्वतन्त्रता पनि कमजोर हुन जान्छ।

यदि यही पुस्ताले आफ्नो ऊर्जा अनुसन्धान, स्टार्टअप, विज्ञान, प्रविधि, कृषि आधुनिकीकरण र शिक्षा सुधारमा लगायो भने त्यसको प्रभाव राजनीतिभन्दा धेरै दिगो हुन सक्छ।

राजनीतिमा नजाँदैमा युवा निष्क्रिय हुन्छन् भन्ने भ्रम गलत हो। सुकरात स्वयं सत्तामा थिएनन्, तर उनले प्रश्न गरेर एथेन्सलाई झकझक्याए। यही उदाहरणले देखाउँछ कि– सत्ता बाहिरको चेतनशील युवा सत्ता भित्रको कमजोर नेतृत्वभन्दा प्रभावकारी हुन सक्छ। नागरिक निगरानी, तथ्य जाँच, अनुसन्धानमूलक पत्रकारिता, नीति विश्लेषण, सामाजिक बहस र वैचारिक लेखनमा जेन्जी पुस्ताको भूमिका निर्णायक हुन सक्छ।

नेपालमा नवयुवाको राजनीति प्रायः नाराबाजी, झोला बोक्ने संस्कृति र वरिष्ठ नेताको कृपामा सीमित देखिन्छ। नीति निर्माण र दार्शनिक बहसमा युवाको प्रभाव न्यून छ। यस्तो अवस्थामा सबै युवाले राजनीतिमा प्रवेश गर्नुभन्दा अनुभवी, संघर्षशील र परीक्षित व्यक्तिलाई राजनीतिमा अग्रसर गराउने र युवाले बाहिरबाट प्रश्न गर्ने भूमिका खेल्नु बढी उपयोगी देखिन्छ।

निष्कर्ष : सन्तुलन नै दीर्घकालीन समाधान

नवयुवा तथा जेन्जी पुस्ताले राजनीतिबाट भाग्नु पर्दैन, तर अल्झिनु पनि हुँदैन। उनीहरूको प्राथमिकता ज्ञान, सीप, अनुसन्धान र करिअर निर्माण हुनुपर्छ।

आजको युवा यदि सशक्त खबरदारी गर्दै आफूलाई सक्षम बनाउँछ भने भोलि परिपक्व उमेरमा राजनीति स्वतः गुणस्तरीय बन्नेछ। अन्ततः प्रश्न राजनीति गर्ने कि नगर्ने होइन, कुन तयारीका साथ र कुन जिम्मेवारीबोधका साथ गर्ने भन्ने हो। यही सोचले मात्र राष्ट्रको सुनौलो भविष्य सुरक्षित गर्न सक्छ।


सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

औरही नगरपालिका
महोत्तरी, मधेश प्रदेश



अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




# उपचारमा लापरबाहीले मृत्यु भएको भन्दै औषधालयमा आगजनी प्रयास




• टक नेपाल

सर्लाहीको नवलपुरस्थित मोहन आयुर्वेद औषधालयमा उपचार गर्न ल्याइएकी लालबन्दी-२ पुर्नवास टोलकी १८ वर्षीया हंसु पासवानको मृत्यु भएपछि आफन्तले औषधालयमा आगजनीको प्रयास गरेका छन् ।

उपचारमा भएको लापरबाहीले बिरामीको ज्यान गएको भन्दै आफन्तहरु प्रदर्शनमा उत्रिएका हुन् ।

पाइल्सको समस्याका कारण रक्तस्राव भएपछि उपचारका लागि नवलपुरस्थित उक्त औषधालयमा ल्याइएकी हंसुको मृत्यु भएको हो। उपचार गर्दागर्दै अवस्था असामान्य बनेपछि त्यहाँबाट बाहिर पठाएका थिए ।

बिरामीलाई नमूना अस्पताल हरिवन पुर्याउँदा साँझ ४ बजेतिर चिकित्सकले मृत घोषणा गरेका थिए । आक्रोशित स्थानीयले नवलपुरमा प्रदर्शन र औषधालयमा आगजनी प्रयास गरेका थिए।

घटनापछि नवलपुर केही समय तनावग्रस्त बने को थियो। प्रहरीले शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलगंवातर्फ पठाएको छ । मोहन आयुर्वेद औषधालयका वैद्य रामविनय साह भने प्रहरी नियन्त्रणमा छन् । नलवपुरको अवस्था विस्तारै सामान्य बन्न थालेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी सरोजकुमार राईले बताए ।

# निर्वाचन प्रचारप्रसारमा राष्ट्रिय झण्डा प्रयोग गर्न पाइन्छ कि पाईंदैन

• टक नेपाल



©rato

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को प्रचारप्रसारका क्रममा राष्ट्रिय झण्डाको दुरुपयोग बढेको भन्दै चौतर्फी आलोचना भएपछि निर्वाचन आयोगले यसबारेको प्रावधान प्रस्ट पारेको छ ।

निर्वाचन आयोगका अनुसार उम्मेदवार वा दलले चुनावी प्रचारका क्रममा आयोजना गरे जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍यालीमा बढीमा १० वटा मात्र राष्ट्रिय झण्डा प्रयोग गर्न पाउने व्यवस्था छ। यो तोकिएको संख्याभन्दा बढी झण्डा प्रयोग गर्नु आचारसंहिताको ठाडो उल्लङ्घन हुने र त्यसो गरिएमा कानुनी कारबाहीको भागीदार हुनुपर्ने आयोगले स्पष्ट पारेको छ।

विशेष गरी सामाजिक सञ्जाल र सडक प्रदर्शनहरूमा राष्ट्रिय झण्डाको अनादर हुने गरी प्रयोग गरिएको गुनासो आएपछि आयोगले यस्तो स्पष्टीकरण दिएको हो। सार्वजनिक कार्यक्रमबाहेक अन्य सामान्य प्रचारप्रसारका सामग्रीमा राष्ट्रिय झण्डाको प्रयोग गर्न वा गराउन पूर्ण रूपमा बन्देज लगाइएको छ।

आयोगले निर्वाचन आचारसंहिताको स्मरण गराउँदै राजनीतिक दल तथा उम्मेदवारहरूलाई राष्ट्रिय झण्डा प्रयोगको निश्चित सीमा र नियम कडाइका साथ पालना गर्न निर्देशन दिएको छ।

साइव अपाधबाट जोगिआं !!!
कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।
- बलियो पासवड ाखां पासवडलाइ नियमित रुपमा पवितन गां ।
- अपीचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलां ।
- अपीचित व्यक्तिले युजनेम पासवड मागे नदिआं ।
ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद
- भिडियो वा अडियो कल नउठाआं । त्यस्ता कल पटक पटक आए ब्लक गां ।
आफ्ना व्यक्तिगत विवणहरु (ओटिपी, युजनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, ाहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगां, सुक्षित ाखां ।
बटेश्वर गाउँपालिका,
धनुषा, मधेश प्रदेश

"बर्दिबास मिडिया प्रा. लि. द्वारा सञ्चालित"
टक नेपाल टि.भी.
टक नेपाल राष्ट्रिय दैनिक
Talk Nepal TV
टक नेपाल राष्ट्रिय दैनिक "परिवर्तनको एक नयाँ आवाज"
बर्दिबास, महोत्तरी
मो.- ९८६३३२१०१४
हाम्रो सेवाहरु : अनलाईन टि.भी., अनलाईन न्यूज पोर्टल, डकुमेन्ट्री, फोटोग्राफी, भिडियोग्राफी लगायत मिडिया सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।

जनहितमा जारी
- बिना अनुमति बोडिं नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिं गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिंले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिाइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



एकडारा गाउँपालिका,महोत्तरी

परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?
यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-
सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
सङ्क्रमितको हेरचाहमा खटिंदा पूरा बाहुला भएको लुगा लगाउने
लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
घर वरपर पानी जम्न नदिने
एकडारा गाउँपालिका , महोत्ती, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014